# वार्षिक प्रगति प्रतिवेदन (आ.व.२०८१/०८२)

१. **परिचय** : नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्रले स्थानीय समुदायहरुको कल्याण, राष्ट्रको समृद्धि र वन विनास तथा वनको क्षयीकरणबाट हुने उत्सर्जन न्यूनीकरण गर्ने कार्यका लागि रुपान्तरणकारी कार्यक्रम कार्यान्वयन गर्न समृद्धिका लागि वन परियोजना (Forests For Prosperity Project : FFPP ) को स्थापना मधेश प्रदेश र लुम्बिनी प्रदेशमा भएको हो | सहभागी (५०) पालिकाहरुमा प्रयोग बिहिन निजि र सार्वजनिक जग्गामा वृक्षारोपण एवम् विस्तार गर्नका लागि जग्गाधनी, कृषक-समुहहरु, सहकारी सस्था र सार्वजनिक जग्गा व्यवस्थापन समुहहरुलाई वृक्षारोपण हुर्काउन तथा व्यवस्थापन गर्नका साथै प्राकृतिक वन व्यवस्थापनका अभ्यासहरुलाई सुधार गर्न प्राविधिक सहयोगका साथै कार्य सम्पादनमा आधारित वृक्षारोपण अनुदान (Performance –based Plantation Grant: PPG) मार्फत आवश्यक स्रोत र सामाग्रीहरुको प्रवन्ध मिलाउने व्यवस्था गरेको छ |

२. **लक्ष्य र उदेश्य** : दिगो वन व्यवस्थापन (Sustainable Forest Management) मा सुधार गर्ने, वनबाट प्राप्तहुने फाइदाहरु वृद्धि गर्ने र नेपालको मधेश प्रदेश र लुम्बिनी प्रदेश स्थित छनौट गरिएका स्थानीय तहहरु भित्र खुद हरित गृह ग्यास उत्सर्जन न्यूनीकरणमा योगदान गर्ने हो |

- छोटो र मध्यम अवधिका प्रतिफलहरुले वनको समग्र उत्पादकत्वमा वृद्धि गर्ने |
- वनमा आधारित साना तथा मझौला उद्धमहरुको विकास तथा सुधारमा योगदान गर्ने |
- तराई भू-परिधि क्षेत्र भित्र उत्सर्जन न्यूनीकरण कार्यक्रमले लक्ष्य राखेको उत्सर्जन न्यूनीकरण गर्न योगदान गर्ने |

३. कार्यक्रम आयोजनाको विवरण :

| क्र.सं. | कार्यक्रम/परियोजना | लक्ष्य | खर्च (रु.) | सम्पन्न काम | लाभान्वित |
|---|---|---|---|---|---|
| १. | निर्वाचित जनप्रतिनिधिहरुको क्षमता बिकास अन्तर्गत वन,वातावरण तथा उद्धम सम्बन्धी नीतिनियमहरुको अभिमुखिकारण गोष्ठी | १ | ४९९०० | ९/२२/२०८१ | ३३ |
| २. | न्यायिक समितिलाई गुनासो संयन्त्रमा क्षमता बिकासमा वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी अभिमुखिकारण गोष्ठी | १ | २०००० | २९/१२/२०८१ | २० |
| ३. | विश्व वातावरण दिवसमा वृक्षारोपण | १ | २४८७० | ०२/२१/२०८२ | ७१ |
| ४. | वन प्राविधिकको पारिश्रमिक तथा भत्ता समेत | १३ | ५६७९५७ | बिभिन्न मिति | १ |
| ५. | प्रिन्टर खरिद | १ | ३०००० | २१/०३/२०८२ | १ |

४. उपलब्धीहरु :

- वन,वातावरण तथा वन उद्धम संग सम्बन्धित नीति नियमहारुको बारेमा जानकारी भयो |
- स्थानीय स्तरमा स्वरोजगारका अवसर श्रृजना गर्न वन उद्धमको महत्वको बारेमा जानकारी भयो |

५. समस्या र चुनौतिहरु :

- जनप्रतिनिधिहरुको समय व्यवस्थापन |
- कार्यक्रम बृहत रुपमा संचालन गर्न विनियोजित रकम अपुग रहने |

**६. आगामी योजना/सुझावहरु :**

- निजि तथा सार्वजनिक जग्गामा बृहत रुपमा वृक्षारोपन गर्ने ।
- पर्याप्त स्रोतसाधनको व्यवस्था गरी कार्याक्रम कार्यान्वयन हुनु पर्ने ।

७. **निष्कर्शः** कार्यक्रम बृहत रुपमा संचालन गरी बर्दिवास नगरपालिका भित्र दिगो वन व्यवस्थापन गर्न सकिने देखिन्छ।